STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३२७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस ३ गते शनिबार ❑ 18 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कांग्रेसका सबै पदाधिकारीको मतगणना सम्पन्न, सदस्यको मतगणना हुँदै

**रासस**
**काठमाडौं, २ पुस**

नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत सहमहामन्त्रीतर्फको मतगणना सम्पन्न भएको छ । सोमबार सम्पन्न निर्वाचनको मतगणना शुक्रबार सम्पन्न भएको कांग्रेस केन्द्रीय निर्वाचन समितिले जनाएको छ ।

प्राप्त मत पछिल्लो परिणामअनुसार खसआर्य तर्फको सहमहामन्त्रीमा किशोर सिंह राठौर, मधेसीतर्फको सहमहामन्त्रीमा महेन्द्र यादव, मुस्लिमतर्फको सहमहामन्त्रीमा फरमुल्लाह मन्सुर, थारुतर्फको सहमहामन्त्रीमा उमाकान्त चौधरी र पिछडिएको क्षेत्रतर्फको सहमहामन्त्रीमा बद्रीप्रसाद पाण्डे निर्वाचित हुनुभएको छ । समितिका अनुसार राठौरले दुई हजार ५७६ मत प्राप्त गर्नुभएको थियो भने उहाँका निकटतम प्रतिस्पर्धी देवराज चालिसे दुई हजार ५९ मत प्राप्त गर्नुभयो । मधेसीतर्फ यादवले दुई हजार ३३० र उहाँका निकटतम प्रतिस्पर्धी रामकृष्ण यादवले एक हजार ८२० तथा अर्का प्रत्यासी रञ्जित कर्णले ४७२ मत प्राप्त गर्नभएको थियो । मुस्लिमतर्फ मन्सुरले दुई हजार ७७६ मत र गर्दा उहाँका निकटतम प्रतिस्पर्धी शेख वकिलले एक हजार ८७१ मत प्राप्त गर्नुभयो ।

यसैगरी थारुतर्फ चौधरीले दुई हजार ७६२ र उहाँका निकटतम प्रतिस्पर्धी तेजुलाल चौधरीले एक हजार ८७७ मत प्राप्त गर्नुभयो । पिछडिएको क्षेत्रतर्फ पाण्डेले दुई हजार ४११ र उहाँका निकटतम प्रतिस्पर्धी जीवनबहादुर शाहीले दुई हजार १३३ मत तथा अर्का प्रत्याशी चेतराज बजालले ९९ मत प्राप्त गर्नुभएको थियो । यसअघि महिलातर्फको सहमहामन्त्रीमा महालक्ष्मी उपाध्याय 'डिना', दलिततर्फको सहमहामन्त्रीमा जीवन परियार र आदिवासी/जनजातितर्फको सहमहामन्त्रीमा भीष्मराज आङ्देम्बे निर्वाचित भइसक्नुभएको छ । समावेशीका विभिन्न आठ क्लष्टरअन्तर्गत आठ सहमहामन्त्री पदका लागि १९ जनाको उम्मेदवारी परेको थियो । कांग्रेसको महाधिवेशनअन्तर्गत भएको निर्वाचनमा हालसम्म प्राप्त मतपरिणामअनुसार पदाधिकारीमध्ये सभापतिमा प्रधानमन्त्री रहनुभएका शेरबहादुर देउवा, उपसभापति दुई पदमा पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्री दुई पदमा गगनकुमार थापा र विश्वप्रकाश शर्मा निर्वाचित भइसक्नुभएको छ । पदाधिकारीपछि केन्द्रीय सदस्यको मतगणना जारी रहेको पार्टी कार्यालयले जनाएको छ ।

कांग्रेसमा जम्मा महाधिवेशन प्रतिनिधि (मतदाता) चार हजार ७४३ रहेका छन् । कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य गरी १३४ पदका लागि भएको मतदानमा जम्मा ४८७ जनाले उम्मेदवारी दिनुभएको थियो । केन्द्रीय कार्यसमितिका पदाधिकारीमध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र समावेशीका विभिन्न आठ क्लष्टरअन्तर्गत आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ । कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्य मध्येबाट निर्वाचित हुने व्यवस्था छ ।

यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाति १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यकबाट एक, अपाङ्गबाट एक सदस्य गरी कूल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने कांग्रेसको विधानमा व्यवस्था छ । यसबाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनित गर्ने विधानमा उल्लेख छ ।

## पोखरामा पामे चलचित्र महोत्सव हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २ पुस**

पर्यटकीय नगरी पोखरामा पामे अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (फिल्म फेस्टिभल) हुने भएको छ ।

नेपाल संकृतिक केन्द्रको आयोजनामा यही पुस १२ देखि १६ गतेसम्म पोखराको फेवाताल किनारमा उक्त महोत्सव हुने भएको विहिबार साँझ पोखरामा आयोजित पत्रका। सम्मेलनमा जानकारी गराइएको हो ।

उक्त महोत्सवमा नेपाल सहित अमेरिका, अस्ट्रेलिया, साउथ कोरिया, भारत लगायत २० राष्ट्रबाट चलचित्रकर्मी, कलाकार, साहित्यकार, उद्यमी व्यवसायी लगायतका २ सय जनाको सहभागिता रहने भएको महोत्सव संयोजक प्रवीण कार्कीले बताए । ५ दिने महोत्सवमा करिब एक लाख जनाले प्रत्यक्ष रुपमा अवलोकन गर्ने आफुहरुले अपेक्षा गरिएको उनले जनाए । महोत्सवमा चलचित्र सम्बन्धि छलफल, कार्यशाला, अन्तरकृया, चलचित्र बजारका सम्भावना लगायतका बिषयमा मन्थन हुने भएको संयोजक कार्कीले जनाए । पोखराको पर्यटन प्रबर्द्धन गरी नेपालको रंग क्षेत्रलाई समेत चलायमान बनाउने अभियानका साथ उक्त महोत्सवमा लामा तथा छोटा एवं बृत्तचित्र सहित ९४ वटा दृश्यचित्रको सहभागिता रहने भएको उनले जनाए ।

महोत्सवमा विभिन्न सांस्कृतिक पैस्तुती, थारुनाच, र् याम्प वार्क, भेषभुषा सो, गुरुङ नाच, खत्रिहरुको खुकुरी नाच, नेपाली मौलिक प्रस्तुती रहने भएको व्यबस्थापक रिगेन्द्र गिरीले जनाए । नेपाली चलचित्र विश्व बजारमा प्रबर्द्धन गर्न, संसारभर एक आपसमा सदभाव र कलाको आदन प्रदान गर्न उक्त महोत्सव कोषेढुंगा सावित हुने उनले विश्वास व्यक्त गरे ।

चित्रकला प्रर्दशनी, फोटो प्रर्दशनी, योगा तथा ध्यान कार्यक्रम, साइकल यात्रा, पुरस्कार तथा सम्मान कार्यक्रम समेत समेटिएको केन्द्रका सदिक्षा केसीले बताइन्। फिचर फिल्म, छोटो फिल्म, डकुमेन्ट फिल्म, फिल्म स्क्रिन, स्टुडेन्ट फिल्म, दर्शक छनौट लगायतमा अवार्ड वितरण गरिने भएको उनले जनाइन् । फेस्टिभल अवधिभर स्वदेशी तथा विदेशी फिल्मकर्मीबाट एक्टिङ, इडिटिङ, छायांकन, प्रोड्क्सन डिजाइन, स्क्रन राइटिङ फिल्म प्रड्यिुसिङसम्बन्धी तालिम दिइने फेस्टिवलका सचिवालय नवराज सुवेदीले जनाए ।

## नेपालमा ३२ प्रतिशत बालबालिका दीर्घरुपमा कुपोषित

**रासस**
**काठमाडौं, २ पुस**

बहुआयामिक गरिबी, प्राकृतिक तथा मानवीय विपत्ती र कोभिड-१९ जस्ता महामारीका कारणले आर्थिक क्षेत्रमा आएको शिथिलता र कमजोर पूर्वाधारको अवस्थाले नेपालको कुपोषण न्यूनीकरण गर्ने कार्यमा अवरोध पुगेको निष्कर्ष निकालिएको छ ।

बहुक्षेत्रीय पोषण योजना दोस्रो र अन्य पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमको विस्तारमा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउन सन् २०२० मा राष्ट्रिय योजना आयोगले सुरु गरेको पोषणको कमी पूर्तिसम्बन्धी अध्ययनमा सो निष्कर्ष निकालिएको हो । विश्व खाद्य कार्यक्रमको सहयोगमा गरिएको यस अध्ययनले पोषणलाई खाद्य प्रणालीको दृष्टिकोणबाट हेर्दै पोषिलो खाद्य पदार्थको उपलब्धता र उपभोगका लागि आर्थिकलगायत अन्य केकस्ता बाधा छन् भन्ने कुराहरूको विश्लेषण गरेको छ । आयोगद्वारा आयोजित कार्यक्रममा सो प्रतिवेदन सार्वजनिक गरिएको थियो । अध्ययनमा नेपालमा एकातिर ३२ प्रतिशत बालबालिका दीर्घरुपमा कुपोषित छन् भने अर्कोतर्फ १७ प्रतिशत महिला अधिक तौलका रहेका र कुपोषणको अवस्था चिन्ताजनक देखिएको उल्लेख गरिएको छ । कुपोषण र खाद्य असुरक्षाको स्थितिको अवस्था भौगोलिक क्षेत्र, उमेर समूह र आर्थिक अवस्थाअनुसार फरक रहेको छ ।

बालबालिकामा हुने पुड्कोपन सबैभन्दा धनी समूहमा भन्दा सबैभन्दा बढी गरिब समूहमा सूक्ष्म पोषक तत्वको कमीका कारण दोब्बरभन्दा बढी रहेको पाइएको छ । सूक्ष्म पोषक तत्वको कमी वा लुकेको भोकमरीको मुख्य कारणमा न्यून खाद्य विविधता, खाद्य पदार्थमा आवश्यक पोषक तत्वको कमी र ताजा पोषिलो खाद्यवस्तु उत्पादनमा भन्दा अन्नबालीको उत्पादन र उपभोग जस्ता पक्षलाई प्रतिवेदनमा समेटिएको छ । प्रतिवेदन सार्वजनिक गर्दै आयोगका सदस्य डा दिलबहादुर गुरुङले प्रभावकार ीरुपमा कुपोषण रोकथामका लागि नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनका लागि तथ्य तथ्याङ्कको आवश्यकता पर्ने हुँदा यस अध्ययनले आगामी दिनमा यसम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गर्न सहयोग पुग्ने बताउनुभयो । अर्का सदस्य डा उमाशङ्कर प्रसादले खाद्य पदार्थमा पहुँचका लागि नेपालले विद्यमान खाद्य प्रणालीको रुपान्तरण गर्नु आवश्यक रहेको बताउनुभयो । पोषण संवेदनशील कृषि र असल पूर्वाधारको विकासमा लगानी गरेर मात्रै सबै समुदायलाई स्वच्छ तथा पोषिलो खाद्य पदार्थको उपभोग गर्नसक्ने अवस्थामा पुऱ्याउन जरुरी भएको उहाँको भनाइ छ ।

## पर्यटन बोर्डको सिइओ रेग्मी निलम्बित

**रासस**
**काठमाडौं, २ पुस**

नेपाल पर्यटन बोर्डको शुक्रबार बसेको सञ्चालक समितिको बैठकले बोर्डका प्रमुख कार्यकारी अधिकत (सीईओ) डा. धनन्जय रेग्मीलाई निलम्बन गरेको छ ।

बोर्डका अध्यक्षसमेत रहनुभएका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेको अध्यक्षतामा शुक्रबार बसेको बोर्ड बैठकले सिइओ रेग्मीलाई निलम्बन गरेको पर्यटनमन्त्री प्रेम आलेका स्वकीय सचिव हेमन्त रेग्मीले जानकारी दिनुभयो । पदीय हैसियतको दुरुपयोग, नैतिक आँचरण विपरित काम गरेको र आर्थिक अनियमिततामा मुछिएको आरोपमा रेग्मीलाई निलम्बन गरिएको जनाइएको छ ।

सिइओ रेग्मीले एक महिनाअघि बेलायतबाट नेपाल फर्कने क्रममा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा रक्सीको निहुमा भन्सारका कर्मचारीसँग झगडा गरेको विषय सञ्चार माध्यममा छाएपछि पर्यटन मन्त्रालयले उहाँलाई स्पष्टिकरण सोधेको थियो ।

## मनाङको 'होम ग्राउण्ड'मा पुलिसको परीक्षा

**– कृष्ण दवाडी**
**पोखरा, २ पुस (रासस)**

मोफसल फर्किएको शहीद स्मारक 'ए डिभिजन लिग फुटबल' को पहिलो खेलमा नेपाल पुलिस क्लबले शनिबार मनाङ मर्स्याङ्दी क्लबको सामना गर्दैछ । मनाङले पोखरा रङ्गशालालाई 'होम ग्राउण्ड' बनाएपछि पुलिस क्लब 'कतार ऐवरवेज' शहीद स्मारक लिगको पाँचौं चरणको खेल खेल्न पोखरा झरेको हो ।

पोखराको मैदानमा मनाङ र पुलिस दुवै सफल टोली हुन् । आहा ! रारा गोल्डकप फुटबलमा यी दुई टोलीको गर्विलो इतिहास छ । शनिबारका खेलमा पुलिस क्लबको तुलनामा मनाङलाई पोखरेलीको समर्थन बढी हुन्छ । दर्शकको साथ पाउने भएकाले पनि मनाङले पोखरालाई रोजेको हुनुपर्दछ । घरेलु फुटबलका यी दुई चर्चित क्लब शहीद स्मारक लिगको ६७ वर्षको इतिहासमा पोखराको मैदानमा उत्रिँदा तीन अङ्क जोड्ने ध्याउन्नमा हुनेछन् ।



पोखरा रङ्गशालामा शुक्रबारआयोजित 'प्रिम्याच कन्फरेन्स' मा दुवै टोलीका प्रशिक्षकले राम्रो फुटबल खेल्दै तीन अङ्क जोड्ने दावी गर्नुभयो । जारी लिगमा चौथो चरणको समाप्तिसम्म मनाङ १० अङ्कसहित अङ्क तालिकाको दोस्रो स्थानमा छ । 'लिग लिडर' मछिन्द्रसँग समान अङ्क भए पनि गोल अन्तरमा मनाङ पछाडि छ । 'होम ग्राउण्ड'मा पुलिस विरुद्धको खेल जितेर अङ्क तालिकाको पहिलो स्थानमा उक्लिने मौका मनाङलाई छ ।

पुलिस क्लब पनि मनाङको घरेलु मैदानमा उसलाई पराजित गरेर अङ्क तालिकामा माथि उक्लिन चाहन्छ । लिगमा पाँच अङ्कसहित आठौं स्थानमा रहेको पुलिसलाई उपाधिको लक्ष्यमा कायमै रहन मनाङसँगको तीन अङ्क महत्वपूर्ण हुनेछ । विपक्षी टोलीको मैदानमा शतप्रतिशत नतिजा निकाल्दै अघि बढ्ने रणनीतिमा पुलिस क्लब छ ।

पुलिस क्लबका प्रशिक्षक अनन्तराज थापाले मनाङको 'होम ग्राउण्ड' भए पनि पोखराको मैदान आफूहरुका लागि 'लक्की' सावित हुँदै आएको बताउनुभयो । लिगको उपाधि दौडमा कायम रहनका लागि पनि मनाङसँगको खेल महत्वपूर्ण रहेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'मनाङ सशक्त विपक्षी हो, नकआउटदेखि लिगमा समेत कठिन चुनौती दिँदै आएको छ । पोखराको मैदान हाम्रा लागि पनि लक्की सावित हुँदै आएको छ । उपाधि दौडमा रहनका लागि पनि खेल्न जित्नैपर्ने दवावमा छौं ।' टोलीले अघिल्ला चार खेल तुलनात्मकरूपमा बलिया टिमसँग खेलेकाले पनि अङ्क तालिकामा पछाडि रहेको तर्क थापाको छ । मनाङ क्लब पोखरेली दर्शकको साथ पाउने भएपछि उत्साहित छ । विगतमा मनाङको खेल हुँदा रङ्गशालामा दर्शक ओइरिने गरेका थिए । असी प्रतिशत दर्शकको समर्थक पाउने विश्वासमा मनाङ छ । मनाङका प्रशिक्षक राजेन्द्र तामाङले राम्रो फुटबल खेलेर जित्ने योजनामा रहेको बताउनुभयो । पुलिस बलियो प्रतिद्वन्द्वी रहेकाले कम आकलन नगरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, 'अघिल्लो खेल हेरेर रणनीति बनाएका छौं । राम्रो फुटबल खेल्दै दर्शकको फाइदाको उपयोग गर्नेछौं ।' पुलिस क्लब पनि पोखरामा परिचित रहेकाले राम्रो 'कन्फिडेन्स' सहित खेलेर जित हासिल गर्ने योजनामा रहेको तामाङले बताउनुभयो ।

पुलिसका कप्तान राम वजीले टोलीको तयारी राम्रो भएको बताउनुभयो । काठमाडौंबाट खेल्न आएकाले राम्रो खेल्दै नतिजा आफ्नो पक्षमा पार्ने दावी गर्नुभयो । जारी लिगअन्तर्गत पोखरा रङ्गशालामा तीन खेल हुनेछन् । शनिबारको खेलपछि मनाङले पुस ११ गते ब्रिगेड ब्वाईज क्लबसँग र पुस २४ गते च्यासल युथ क्लबसँग यहाँ खेल्ने तालिका छ ।

कास्की जिल्ला फुटबल सङ्घका अध्यक्ष मिलन गुरुङले पहिलोपटक पोखरामा लिग फुटबल हुँदा खेल क्षेत्रमा उत्साह थपेको बताउनुभयो । कोरोनाले लामो समय ठप्प खेल क्षेत्रलाई चलायमान बनाएर पूर्ववत् अवस्थामा फर्काउन लिगका खेल महत्वपूर्ण रहेको उहाँको भनाइ छ ।



# केबी नाम्जाली स्मृति सम्मानबाट रूद्र "सन्देश" सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २ पुस**



मगर भाषाका कवि केबी नाम्जाली भुरुङ मगरको नाममा स्थापित केबी नाम्जाली स्मृति साहित्य सम्मान-२०७८ बाट साहित्यकार रूद्र "सन्देश" मगर सम्मानित हुनुभएको छ।

कवि नाम्जालीको ५५ औं जन्मजयन्तीका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा मगर सम्मानित हुनुभएको हो । साहित्यकार मगरलाई गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का "बिखर्ची", कवि नाम्जाली पत्नी शशी थापामगर, मगर भाषा प्रतिष्ठानका केन्द्रीय अध्यक्ष लोकबहादुर थापामगर र प्रतिष्ठानका कास्की अध्यक्ष रूद्रबहादुर हितानमगरले नगद, ताम्रपत्र, फेटा र भाङ्ग्राद्वारा सम्मान गर्नुभयो । सो अवसरमा बोल्दै गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का "बिखर्ची"ले कवि नाम्जालीका अप्रकाशित कृति प्रकाशन गर्न सके उनीप्रतिको सच्चा श्रद्धाञ्जली हुने भनाइ राख्नुभयो । दिवंगत व्यक्तिको नाममा गरिने सम्मान नै सबैभन्दा ठूलो पुण्य भएको भन्दै उहाँले सम्मान पाउनु ठूलो प्राप्ति भएको बताउनुभयो । स्थापित जातिको विस्थापित भाषाका रुपमा मगर भाषा रहेको भन्दै उहाँले गण्डकी प्रज्ञा-प्रतिष्ठानले मातृभाषाको उत्थानमा मगर भाषा प्रतिष्ठानसँग सहकार्य गर्ने उल्लेख गर्नुभयो । कवि, साहित्यकार कुनै जाति विशेषको मात्र नहुने भन्दै जुनसुकै भाषामा कलम चलाएपनि ऊ सबैको साझा हुने बताउनुभयो ।

मगर भाषा प्रतिष्ठानका केन्द्रीय अध्यक्ष लोकबहादुर थापामगरले मगर भाषा प्रतिष्ठान, कास्की शाखाले भाषिक एवं साहित्यिक गतिविधिमा सक्रियता देखाएको भन्दै प्रशंसा गर्नुभयो । सो अवसरमा उहाँले मातृभाषामा रचना वाचनलगायतका सिर्जनात्मक कार्यक्रमलाई समेत जोड दिन सके अझै राम्रो हुने बताउनुभयो । रुपा गाउँपालिका वडा नं. १, कास्कीका वडाध्यक्ष दीपक आलेमगरले भाषा, साहित्यको उत्थानका लागि जनप्रतिनिधिहरूले पनि विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । आफूले भाषा, साहित्यको विकासमा सक्दो सहयोग गर्ने भन्दै उहाँले समाजलाई सही दिशामा डोऱ्याउन भाषाविद्, साहित्यकारहरूको महत्वपूर्ण भूमिका हुने बताउनुभयो । नेपाल मगर संघका केन्द्रीय सदस्य पूर्णबहादुर रानामगरले मगर जातिको भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि प्रतिष्ठानजस्ता संस्थाले उल्लेख्य भूमिका खेलेको भन्दै समुदायस्तरमा अझै सक्रियताको आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा सम्मानित व्यक्तित्व साहित्यकार रूद्र "सन्देश" मगर, केबी नाम्जाली भुरुङ मगर स्मृति अक्षयकोषका संरक्षक क्या. नरेश थापामगर र राष्ट्रिय मौलिक कौरा संरक्षण समिति, नेपालका अध्यक्ष हर्क आलेमगरले बोल्नुभएको थियो । त्यस्तै, प्रतिभा छनौट समितिकी संयोजक फूलकुमारी थापामगरले सम्मानित व्यक्तित्वको परिचय र प्रतिष्ठानका उपाध्यक्ष यामबहादुर थापामगरले कवि नाम्जालीको व्यक्तित्व र कृतित्वका बारेमा बोल्नुभएको थियो । मगर भाषा प्रतिष्ठान, कास्की शाखाका अध्यक्ष रूद्रबहादुर हितानमगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव रूद्रबहादुर श्रीसमगर र सदस्य कुमार थापामगरले स्वागत गर्नुभएको थियो ।

# कोन सामुदायिक बचत तथा ऋण सहकारी पोशाक लिएर विद्यालयमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ पुस**



दिन प्रतिदिन जाडो बढिरहेको छ । पुस महिनाको जाडोले मानवलाइ चिसाउँदै छ । विहानै उठेदेखी बेलुका सुत्ने समयसम्म कपडाको सवै भन्दा ठूलो भूमिका रहने छ।

शरीरलाइ न्यानो बनाउने भनेको नै कपडा हो। कितावी ज्ञान सगै ज्ञान बढाउनको लागि पहिला शरीर बचाउन सहकारीले पनि सामाजिक उत्तरदायित्व अन्तर्गत पोशाक वितरण गरेको हो । पोखरा महानगरपलिका वडा नं १३ बाँझापाटन स्थित कोन सामुदायिक बचत तथा ऋण सहाकारी संस्था लि.ले शुक्रवार वडा नं १२ स्थित सरस्वती आधारभूत विद्यालयका एक सय २४ विद्यार्थीलाइ पोशाक वितरण गरेको छ। २३ औ बार्षिकोत्सवको अवसरमा विद्यालयमा पोशाक वितरण गरिएको हो। वडा नं १२ का वडा अध्यक्ष रामवहादुर कार्की, सहकारीका निवर्तमान अध्यक्ष तथा मानार्थ संरक्षक शरदकान्त सिग्देल, र कोन सामुदायिक बचत ऋण सहकारीका अध्यक्ष तीर्थवहादुर बस्नेतले संयुक्त रुपमा विद्यार्थीहरुलाइ पोशाक प्रदान गरेका हुन।

शिक्षण संस्थामा परम्परागत किताबी ज्ञान बढाउन न्यानो कपडाले ठूलो सहयोग पुग्ने सहकारीका अध्यक्ष तीर्थवहादुर बस्नेतले वताए। सोही कार्यक्रममा कोन सहकारीका सचिव शान्तकुमार श्रेष्ठले सरस्वती आधारभूत विद्यालयमा एक लाख एक हजार एकसय एघार रुपैयाको अक्षयकोष स्थपना गर्ने घोषणा गरे। वडा नं १२ का वडा अध्यक्ष रामवहादुर कार्कीले विद्यालयमा शिक्षाको गुणस्तर बढाउन आँफु सदैव सहयोग गर्न तयार रहेको भने । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का मानार्थ संरक्षक तथा निवर्तमान अध्यक्ष शरदकान्त सिग्देलले विद्यालयलाइ गुणस्तर सुधारको लागि स्थानीयवासीहरुको सवै भन्दा ठूलो भुमिका रहने भने।

सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक रुद्रवहादुर रानाभाटले स्वागत, कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का उपाध्यक्ष माधवप्रसाद सिग्देलले धन्यवाद दिएको कार्यक्रममा सहकारीका सचिव शान्तकुमार श्रेष्ठले संचालन गरेका थिए।

# थप २७४ मा कोरोना संक्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप २७४ मा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। यस अवधिमा नौ हजार १६ को पीसीआर परीक्षण गरिएको थियो । योसँगै नेपालमा पीसीआर परीक्षण गरिएका सङ्क्रमितको सङ्ख्या आठ लाख २५ हजार ४४५ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमितको सङ्ख्या ९५ हजार ९०२ पुगेको छ। पछिल्लो समय थप २७० जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख आठ हजार ३५३ पुगेको छ । निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट तीन जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५७० पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ। त्यसैगरी पछिल्लो समय दुई लाख छ हजार ५२२ले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ।



फाइजरको दोस्रो डोज लिँदै ज्येष्ठ नागरिकः पश्चिमाञ्चल स्वास्थ विज्ञान प्रतिष्ठान पोखरामा कोरोनाविरुद्ध खोप फाइजरको दोस्रो डोज लिँदै ज्येष्ठ नागरिक। तस्वीर : जमुनावर्षा शर्मा

# लेकसिटी कलेजका विद्यार्थी मन्दिर सरसफाइमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ पुस**



लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरमा पत्रकारिता र सामाजिक कार्य अध्यनरत विधार्थीले शुक्रबार बाराहि मन्दिर वरिपरिको परिसदमा सरसफाइ कार्यक्रम गरेका छन।

पोखरा महानगरपालिका ४ गैह्रापाटनमा रहेको कलेजका विधार्थीले वरपरको वातावरण सफा राख्ने उदेश्यले यो कार्यक्रम गरेका हुन । यश कार्यक्रममा २० जना विधार्थी र २ जना शिक्षकको उपस्थिति रहेको थियो । सरसफाइको क्रममा विधार्थीले २० बोरा भन्दा बढी फोहोर सङ्कलन गरेका छन । पोखरा बाराही चोकमा रहेको श्री रणचण्डी गणले तेहि निर्मित कुचो सरसफाइ कार्यक्रमको लागि प्रदान गरेको छ। पोखरा सहर पर्यटकिय स्थल हो र यसरी अव्यवस्थित रुपमा फोहोर बढदै जाने हो भने प्रदुषण बढी भइ स्वास्थमा समस्या आउने कुरा सामाजिक कार्य दोस्रो बर्षमा अध्यनरत छात्रा प्रतिमा पौडेलले बताइन। आफू स्वास्थ्य हुनका लागि वरपरको वातावरण पनि सफा र सुन्दर हुनु पर्न कुरा लेकसिटी कलेज एन्ड रिसर्च सेण्टरमा सामाजिक कार्य अध्यापन गराउने शिक्षिका रोशिना कुवरले बताइन।

सामाजिक कार्य विषय पढिरहेको हुँदा त्यसको व्यावहारिक अभ्यास स्वरुप विधार्थीले सरसफाइ कार्यक्रम गरेका हुन । उक्त कलेजका विधार्थीले यस अधि पनि अन्य क्षेत्रमा सामाजिक कार्य गर्दै आएका छन। कार्यक्रममा शिक्षिका स्मिता थापाको पनि उपस्थित रहेको छ।

# सहारा क्लवमा थापाको सभापतित्वमा १२ सदस्य सल्लाहकार परिषद चयन

**हुमा परियार/ सुस्मिता श्रेष्ठ**
**पोखरा, २ पुस**

पोखराको सहारा क्लबले सल्लाहकार परिषद चयन गरेको छ।

क्लवका निवर्तमान अध्यक्ष केशव बहादुर थापाको सभापतित्वमा १२ सदस्य सल्लाहकार परिषद चयन गरेको क्लवले जनाएको छ।

सल्लाहकार परिषदको सदस्यहरुमा शम्भु कार्की, गणेश बहादुर भट्टराई, मुछेत्र गुरुङ, तेजबहादुर गुरुङ, टीका बहादुर कार्की, रबिन्द्र प्रसाद श्रेष्ठ ,सुनिल कुमार गुरुङ ,दिपेन्द्र श्रेष्ठ ,खड्ग बहादुर रानाभाट ,योगेन्द्र बहादुर के.सी. र तोरण बहादुर बानियाँ रहेका छन्।

क्लबका अध्यक्ष हरिराम गुरुङ (सुरज) को अध्यक्षतामा हालै बसेको बैठकले सल्लाहकार परिषद चयन गरेको महासचिव रामजी प्रसाद अधिकारीले बताए । हालै चयन भएका सल्लाहकार परिषदका सभापति तथा सदस्यहरुलाई संस्थापक अध्यक्ष बसन्त थकालीले परिचयपत्र वितरण गर्दै खादा लगाएर स्वागत गरेका थिए । कार्यक्रममा पुर्ब अध्यक्ष बिक्रम थकाली र वीरभद्र आचार्यले समेत सल्लाहकार परिषदको टोलीलाई स्वागत गर्दै सफल कार्यकालको सुभकामना व्यक्त गरे। सहारा क्लवद्धारा संचालन गरिएको सहारा एकेडेमीमा हाल २४ जना असाय तथा विपन्न बर्गका बालकहरु रहेका छन् ।

क्लवले हरेक बर्ष जसो आयोजना गर्दै आएको आहा रारा गोल्ड कप फुटवल प्रतियोगिता यस बर्ष आउदो माघ ६ देखि १५ गतेसम्म पोखरा रंगशालामा संचालन गर्ने तयारी सुरु गरेको छ । (विद्यार्थी पत्रकार)


## महिला हराएको सूचना



म्याग्दी जिल्ला मालिका गा.पा.वडा ६ घर भई हाल कास्की जिल्ला पोमनपा वडा नं. ११ फुलबारी बस्ने वर्ष २४ की गहुँ गोरी, उचाई ५ फिट, मझौला शरीर भएकी **अनिशा बिटालु क्षेत्री** यहि मिति २०७८ मंसिर २१ गते काम गरेको ठाउँदेखि नै हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

**सम्पर्क: निजको श्रीमान सुमन बिटालु क्षेत्री**
**मो. ९८१७१७८०६१, ९८१४४५०४१७**

जहाँ भएपनि घर फर्क छोराछोरीको लागि सम्पर्कमा आऊ

## के तपाईमा यौनसम्बन्धी समस्या छ

- **पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
- **महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
- **सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
- **मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# विद्यालयको रकम हिनामिना

रासस
म्याग्दी, २ पुस

म्याग्दीको बेनीनगरपालिका-२ खबरामा रहेको हंशबाहिनी आधार भूत विद्यालयको रकम हिनामिना भएको छ।

लागत अनुमानभन्दा रु १० लाख बढी खर्च देखाएका विद्यालय प्रशासन, व्यवस्थापन र निर्माण समितिले भवन निर्माणका क्रममा साप्टीवापत प्रयोग गरेको विद्यालयको रु छ लाख ५० हजार फिर्ता गरेका छैनन् । गत भदौ ३० गते विद्यालय व्यवस्थापन समिति पुनःगठनका लागि भएको भेलामा तत्कालीन प्रअ हृदयकुमार श्रेष्ठले प्रस्तुत गरेको आय-व्यय विवरणमा प्रश्न उठेपछि असोज १ गते अभिभावक मदन आचार्यको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन भएको थियो । दीपक सापकोटा, सनम जिसी, सुसन थापा, सम्राट सापकोटा, तेजेन्द्रबहादुर कार्की र तिलबहादुर घिमिरे सदस्य रहेको समितिले गत शनिबार प्रतिवेदन सार्वजनिक गरी व्यवस्थापन समितिलाई बुझाएको छ।

संयोजक आचार्यले अस्वभाविक खर्च देखाइएको, खर्चअनुसार बिल भर्पाइ नभेटिएको, विद्यालयको खाताबाट झिकिएको रकम फिर्ता नभएको, कामदार र सामान बिक्रेताले पूरा भुक्तानी नपाएका भेटिएको बताउनुभयो । "रु १६ लाखको बजेटभित्र बनाउनुपर्ने भवनको खर्च रु २६ लाखभन्दा बढी देखाइएको छ", उहाँले भन्नुभयो, "खातामा भएको रु छ लाख ५० हजार मासिएको विषयमा प्रश्न उठेपछि छानबिन गर्दा अस्वभाविकरूपमा देखाइएको खर्चलाई प्रमाणित गर्ने बिल र भर्पाइ भेटिएन ।" आर्थिक वर्ष २०७४/७५ मा दुईकोठे एकतले कक्षाकोठा भवन निर्माणका लागि तत्कालीन शिक्षा कार्यालयबाट आयोजना व्यवस्थापन खर्च कटाएर निकासा भएको रु १५ लाख १२ हजारसहित कूल रु २४ लाख तीन हजार ९०० खर्च भएको र थप रु दुई लाख दुई हजार ४९५ तिर्न बाँकी भएको प्रअ श्रेष्ठले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ ।

छानबिन समितिले रु २१ लाख ५६ हजार ५०३ बराबरको खर्च प्रमाणित गर्ने बिल भर्पाइ भेटिएको र रु दुई लाख ४७ हजार ३९६ बचत हुनुपर्ने ठहर गरेको छ। सबैभन्दा धेरै कामदार ज्याला शीर्षकमा रु १३ लाख एक हजार ६९० खर्च देखाइएकामा हाजिरी र भर्पाइअनुसार रु आठ लाख २५ हजार ३५० खर्च भएको देखिएको छ । भवन निर्माणमा आएको बजेटमध्ये निजी स्रोतका शिक्षकलाई रु एक लाख ३३ हजार ५०० तलब दिएको देखाइए पनि छानबिनका क्रममा रु ४३ हजार ५०० मात्र भुक्तानी दिएको भेटिएको छ । समितिले विभिन्न शीर्षकमा भएका खर्चको रकम र बिल भर्पाइको रकम फरक परेको उल्लेख गरेको छ । कामदार ज्यालामा रु चार लाख ७६ हजार ३४० र शिक्षक तलबमा ९० हजार वास्तविकभन्दा बढी खर्च देखाइएको छानबिन समितिले जनाएको छ । यसैगरी बेनी बचत तथा ऋण सहकारी संस्थामा रहेको मुद्दति निक्षेप खाताको रु पाँच लाख र नेपाल बैंक लिमिटेडबाट रु एक लाख ५० हजार भवन निर्माणार्थ साप्टीस्वरुप प्रयोग गरे पनि हालसम्म फिर्ता नगरेको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ।

हरिनारायण जिसीको अध्यक्षतामा रहेको तत्कालीन विद्यालय व्यवस्थापन समितिले भवन बनाउन बुद्धवीर दर्जीको संयोजकत्वमा निर्माण समिति बनाएको थियो । तत्कालीन प्रअ श्रेष्ठले शिक्षा कार्यालयबाट आएको अनुदानले भवन मात्र बनाउन मिल्ने भएकाले जग्गा व्यवस्थापन गर्दा बढी खर्च लागेको बताउनुभयो । "भिरालो पाखोमा भएको भवन निर्माणस्थलमा मापदण्डअनुसार जग्गाको चौडाइ नपुगेपछि पछाडि दुई मिटर पाखो काटिएको र अगाडि भुईंदेखि नै पर्खाल बनाएर दुई मिटर चौडाइ बढाउँदा अनुमान गरेभन्दा बढी खर्च भएको हो", उहाँले भन्नुभयो, "सम्झौतानुसार कूल लागतको २५ प्रतिशत जुटाउनुपर्ने जनश्रमदानवापतको खर्च पनि विद्यालयकै आन्तरिक स्रोतबाट व्यहोर्नुपऱ्यो । सङ्घीयता कार्यान्वयनसँगै शिक्षा कार्यालयबाट भुक्तानी पाउन ढिलाइ भएपछि बेनी बचत र नेपाल बैंकको खाताको पैसा साप्टीस्वरुप झिकेर मजदुरलाई ज्याला र सामान बिक्रेतालाई भुक्तानी दिएका हौँ ।" भवन निर्माणमा काम गरेका ४२ मजदुरले हालसम्म रु ८७ हजार ४०० ज्याला नपाएको छानबिन समितिले जनाएको छ। सबैभन्दा बढी कृष्ण जिसी र उनकी श्रीमती बुद्धीसरा जिसीले रु ६० हजार ज्याला पाउन बाँकी देखिएको छ । ज्याला नपाउँदा घर-व्यवहार चलाउन समस्या भएको बुद्धीसराले गुनासो गर्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शुभसागर शर्माले तत्कालीन विद्यालय प्रशासन, व्यवस्थापन र भवन निर्माण समितिलाई हिसाब मिलान गर्न ताकेता गरिएको बताउनुभयो ।

# दुई पालिकाको लगानीमा पक्की पुल निर्माण सुरु

पोखरापत्र संवाददाता
दमौली, २ पुस

तनहुँको म्याग्दे गाउँपालिका र शुक्लागण्डकी नगरपालिका जोड्न मितेरीखोलामा पक्की पुल निर्माण सुरु भएको छ । म्याग्दे-५ र शुक्लागण्डकी नगरपालिका-७ जोड्न मितेरीखोलामा पक्की पुल बन्न लागेको हो ।

उक्त पुलको म्याग्देका अध्यक्ष मायादेवी राना र शुक्लागण्डकी नगर प्रमुख किसान गुरुङले बिहीबार संयुक्त रुपमा शिलान्यास गर्नुभएको छ । दुवै पालिकाको लागत साझेदारी रहने गरी पुल निर्माण गर्न लागिएको हो । विसं २०७९ मङ्सिर ५ गतेभित्र सम्पन्न गर्ने गरी पुल निर्माणको जिम्मा कश्यप निर्माण सेवा प्रालिले पाएको म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । कर सहित रु एक करोड ४० लाख ४३ हजार १४५ मा पुल निर्माणको ठेक्का लागेको छ।

पुल निर्माणका लागि दुवै पालिकाले रु ७० लाख २१ हजार ५७२ लगानी गर्नेछन् । पुल निर्माणका लागि शुक्लागण्डकी नगरपालिकाले रु ५० लाख सहयोग गरिसकेको छ । पुल नहुँदा यहाँका बासिन्दालाई वारपार गर्न समस्या हुँदै आएको थियो । शुक्लागण्डकी नगरपालिकाका प्रमुख गुरुङले यस ठाउँमा पुल निर्माण अति आवश्यक देखिएपछि दुवै पालिकाले सहकार्य गरेको बताउनुभयो । शिक्षा, स्वास्थ्य, खानेपानीलगायत पूर्वाधार निर्माणले नगरपालिकाले प्राथमिकता दिँदै आएको उहाँको भनाइ थियो ।

अध्यक्ष रानाले प्राथमिकताका आधारमा गाउँपालिकाले विकास निर्माणका कामलाई तीव्रता दिएको बताउनुभयो । म्याग्देका उपाध्यक्ष बालकृष्ण घिमिरेले तोकिएकै समयमा गुणस्तरीय काम गर्न आग्रह गर्नुभयो ।

# कोरोना सङ्क्रमण पुष्टि भएपछि विद्यालय बन्द

पोखरापत्र संवाददाता
दमौली, २ पुस

बन्दीपुर गाउँपालिका-२ स्थित भानु माध्यमिक विद्यालयका विद्यार्थी र शिक्षकमा कोरोना सङ्क्रमण पुष्टि भएपछि विद्यालय बन्द गराइएको छ । विद्यालयमा कार्यरत दुई शिक्षक र सात जना विद्यार्थीको एन्टिजेन परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टि भएपछि गाउँपालिकाले विद्यालयको पठनपाठन बन्द गराएको हो ।

कोभिड-१९ को जोखिम थप बढ्न सक्ने हुँदा आजदेखि पुस ७ गतेसम्म भौतिक उपस्थितमा कक्षा सञ्चालन बन्द गरिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो ।

साथै अन्य विद्यालयलाई समेत पूर्णरुपमा स्वास्थ्य मापदण्डको पालना गर्न, शैक्षिक भ्रमण, वार्षिकोत्सवलगायतका उच्च सङ्ख्यामा भौतिक उपस्थिति हुने कार्यक्रम नगर्न गाउँपालिकाले अनुरोध गरेको थापाले बताउनुभयो ।

# पर्यटकको पर्खाइमा शङ्ख बज्ने पहरा

रासस
बागलुङ, २ पुस

बागलुङ, २ पुस (रासस) : अक्करे भिरको सिरानमा पहरा छ। गाउँमा त्यसलाई शङ्खे पहरा भन्छन् । पितापुर्खाले दिएको नाम हो, त्यो । जैमिनी नगरपालिका-५ बिनामारे, रिठेडाँडाछेउको शङ्खे पहरा अघिल्लो हिउँदसम्म यसै गुमनाम थियो ।

जब रिठेडाँडालाई पर्यटकीय गन्तव्य बनाउन स्थानीय कस्सिए, त्यो लुकेको पहरा पनि दृश्यमा आयो । रिठेडाँडा पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समितिका अध्यक्ष टेकबहादुर थापाका अनुसार पहिले-पहिले त्यसलाई शङ्खे ओढार भनिन्थ्यो । रिठेडाँडामा गत वर्ष पर्यटकीय उद्यानको काम थालिएसँगै शङ्खे पहराको चर्चा बाहिरिएको हो । समिति र गाउँले मिलेर उक्त ओढारलाई शङ्ख बज्ने पहराका रूपमा अन्यत्र चिनाएका हुन् । पहरामा रहेका प्वालमा फुक्दा शङ्खको भैँ ध्वनि निस्कने गरेको अध्यक्ष थापाले सुनाउनुभयो । "सानैदेखि शङ्खेओढार भनेर सुन्ने गरिन्थ्यो, पाकापुरानाले त्यहाँ शङ्ख बज्छ भन्थे", उहाँले भन्नुभयो, "त्यसै शङ्खे ओढार नामाकरण त भएन होला भन्ने लागेर त्यसको खोजीनीतिमा लाग्यौं, हामीले प्रयास गर्दा शङ्ख बज्यो पनि ।"



शङ्खे पहरा जोड्ने बाटो खन्ने क्रममा स्थानीयवासी रमेश पुनले पहिलोपटक पहरामा फुकेर शङ्खको ध्वनि निकाल्नुभएको थियो । त्यसपछि गाउँका अरु केही युवाले पनि शङ्ख बजाउन सिके । जो-कोहीले भने त्यहाँ शङ्ख फुक्न सक्दैनन् । "गाह्रो हुन्छ, धेरै फुक्दा त टाउकै दुख्छ", ३० वर्षीय थापाले भन्नुभयो, "वर्षायाममा पहरा पानीले भिज्ने भएकाले ठूलो आवाज आउँछ, राम्रो पनि सुनिन्छ ।" सुख्खायाममा भने प्वालमा पानी हाल्दै बजाउने गरिएको उहाँको भनाइ छ । थापासँगै गाउँका दुई/चार जना युवाले मात्रै पहराबाट शङ्ख ध्वनि निकाल्न सक्छन् । उमेर पुगेका व्यक्तिलाई भने श्वास पुऱ्याउनै कठिन हुन्छ । शङ्ख बज्ने गरेको थाहा पाएपछि गाउँका धेरैले कोसिस गरे पनि सफल हुनसकेका थिएनन् ।

बाहिरबाट जाने आगन्तुकले पनि प्वालमा मुख जोडेर बजाउने प्रयास गर्छन् । कतिले त जेनतेन मधुरो भए पनि आवाज निकाल्छन् । शङ्खे पहराको नाम चल्न थालेपछि अहिले त्यहाँ फाट्टफुट्ट आन्तरिक पर्यटक पुग्न थालेका छन् । शङ्ख बज्ने पहरा भनेपछि जिज्ञासा लिएर मानिसहरू आउन थालेको अध्यक्ष थापाले बताउनुभयो ।

उहाँले पहरामा रहेका प्वालमा फुक्दा शङ्ख ध्वनि निस्कनु आफैँमा अनौठो भएको प्रतिक्रिया दिनुभयो । "तिब्बतीयन र भारतीय प्लेटको टकरावबाट हिमालय क्षेत्रको उत्पत्ति हुँदा समुद्री जीव शङ्खे किराको अवशेष यहाँ रहेको हुनुपर्छ", अध्यक्ष थापाले भन्नुभयो, "यस पहरा आसपासमा पानीले खिइएका चिल्ला चट्टान पनि प्रशस्त भेटिन्छन् ।" शङ्खे पहराको मुनिपट्टि देवीदेउताका आकृति पनि रहेको उहाँको भनाइ छ ।

स्थानीयवासीले त्यसलाई धार्मिक आस्थासँग जोडेर हेर्न थालेका छन् । त्यहाँ पुग्दा पूजाअर्चना गर्ने, दक्षिणा चढाउने चलन सुरु भएको छ । रिठेडाँडाबाट शङ्खे पहरा पुग्न व्यवस्थित पदमार्ग बनाउने योजनामा समिति छ । अहिले भएको बाटो साँघुरो छ । भिरालो क्षेत्र भएकाले सुरक्षित पदमार्गको खाँचो छ । रिठेडाँडाको पर्यटन विकासका लागि चालु आवमा पर्यटन मन्त्रालयको रु नौ लाख र एक लाख नगरपालिकाको बजेट छ । सो बजेटबाट मचान, शङ्खे पहरा जाने पदमार्ग, घेराबार, पोखरी ढलान, उद्यान निर्माणलगायत काम गरिने समितिले जनाएको छ । गत वर्ष पनि निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रममार्फत पूर्वाधार विकास कार्यालयले रु चार लाख ३६ हजारको योजना सञ्चालन गरेको थियो । सो बजेटबाट चौतारो निर्माण, उद्यान विस्तारलगायतका काम भएका थिए । वडाध्यक्ष गोपालप्रसाद शर्माले रिठेडाँडालाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिइएको बताउनुभयो । "नगरका पर्यटकीय विकास योजनामा यो पनि सूचीकृत छ, बजेट र योजनामा प्राथमिकता दिएका छौँ", उहाँले भन्नुभयो, "स्थानीयवासीको मनोभावनाअनुसार नै रिठेडाँडालाई पर्यटकीय गन्तव्य बनाउन हामी लागिपरेका छौँ ।" सोही ठाउँमा व्यवस्थित खेलमैदान निर्माणका लागि यही वर्ष निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट रु नौ लाख बजेट छुट्टिएको वडाध्यक्ष शर्माले बताउनुभयो । सङ्घ, प्रदेश र स्थानीय सरकारका तर्फबाट गरी चालु आवमा झण्डै रु २९ लाख बजेट त्यहाँको पूर्वाधार विकासमा खर्च हुन लागेको उहाँको भनाइ छ। दशकौँदेखि ओझेलमा परेको रिठडाँडाको भौतिक र पर्यटन विकासमा राज्यका निकाय, जनप्रतिनिधिदेखि स्थानीयवासी जुटेका हुन् । पर्यटनका माध्यमबाट गाउँलाई चिनाउने र आर्थिक उपार्जन गर्ने उनीहरूको ध्येय छ । सोही उद्देश्यलाई टेवा दिन घरबास (होमस्टे) पनि सञ्चालनको तयारीमा छ । नेपालको उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोर र अन्य सहायक सडक हुँदै रिठेडाँडा सजिलै पुग्न सकिन्छ । त्यहाँबाट हिमशृङ्खलाको पनि अवलोकन गर्न सकिन्छ । रिठेडाँडा एक हजार ३०० मिटरको उचाइमा पर्छ ।

# भैँसीपालनबाट मनग्य आम्दानी

-तोलाकान्त बगाले
वालिङ, २ पुस

स्याङ्जाको वालिङ नगरपालिका-१ त्रियासीकी सीता अर्यालले १५ वर्षदेखि भैँसीपालन गर्दै आउनुभएको छ । दुई भैँसी पालनबाट व्यवसाय थाल्नुभएकी उहाँले गतवर्ष 'सीता कृषि पशुपालन फर्म' दर्ता गरी आठ भैँसी पाल्दै आउनुभएको छ । "सुरुमा दुई भैँसीबाट व्यवसाय सुरु गरेकी हुँ", उहाँले भन्नुभयो, "भैँसीको दूध बिक्रीबाट आम्दानी भएको पैसालाई फर्ममा थप गर्नुका साथै भैँसीको पनि सङ्ख्या थप गरेकी हुँ ।" उहाँका फर्ममा अहिले आठ दुहुना भैँसी छन् । दुई थपेर दश पुऱ्याउने तयारीमा उहाँ हुनुहुन्छ ।

"आफ्नै सुरले भैँसी पाल्दै आएकी थिएँ, महिलाले सञ्चालन गरेको फर्मलाई केही सुविधा हुन्छ भन्ने सुनेर फर्म दर्ता गरेर चलाएकी हुँ", उहाँले भन्नुभयो, "म एक्लैले भैँसी पाल्न थालेपछि गाउँलेले नसक्ने काम किन गरेकी होला ? भन्नुहुन्थ्यो आज मेरो सफलता देखेर ठीक व्यवसाय हैछ भन्न थाल्नुभएको छ ।" कतिपय महिला दिदीबहिनी गफ लाएर कुराकानी गरेरै समय बिताउने गरे पनि आफूलाई भने गफ लाउन र कसैको जान नि फुर्सद नहुने उहाँ बताउनुहुन्छ । श्रीमान्, दुई छोरीहरू विदेश र छोराले पनि पढ्दै जागीर गर्ने गरेको उहाँले सुनाउनुभयो ।

"श्रीमानू भैँसी पाल्न दुःख हुन्छ, सकिँदैन नपाल भनेर गाली गर्नुहुन्छ", व्यवसायिअर्याललले भन्नुभयो, "आफूले पैसा कमाउन सके आफैं बलियो भइने, आत्मनिर्भर हुनुका साथै सन्तुष्टि मिल्ने भएकाले पनि व्यावसायिकरुपमा भैँसी पाल्दै आएकी हुँ ।" श्रीमान् विदेश जानासाथै छोराछोरी लिएर सहर पस्ने र बसेरै खाने परिपाटी नेपाली ग्रामीण समाजमा बढ्दै गइरहेका बेला उहाँ नमूना महिला हुनुहुन्छ । आफैँले कमाएको पैसाले घर खर्च चलाउनुका साथै भैँसी खरीद, घाँस, दाना खरिदसँगै केही रकम बचत गर्दै आएको उहाँले बताउनुभयो । "कुनै पनि काम सानो ठूलो हुँदैन, तर जुन काम गरिन्छ त्यसमा ध्यान दिएर मेहेनतका साथ गर्नुपर्छ तबमात्रै सफल भइन्छ", उहाँले भन्नुभयो, "मैले कमाएको पैसाले घरखर्चसहित अन्य खर्च तथा लगानी गरेकी छु, श्रीमान्ले विदेशबाट पठाउनुभएको पैसाजस्ताको तस्तै राखिदिएकी छु, चलाउनुपरेको छैन ।" उहाँले हालसम्म रु १५ लाख लगानी गर्नुभएको छ।

दूध, घ्यू तथा मल बिक्रीबाट मासिक रु एक लाख बढी आम्दानी गर्नुहुन्छ । उहाँको फर्मबाट उत्पादन भएको दूध नजिकैको त्रियासी बजार तथा वालिङमा खपत हुने गरेको छ । दैनिक ४० लिटर दूध उत्पादन हुने गरेको छ भने प्रतिलिटर दूध रु ७० देखि ९० सम्म बिक्री हुन्छ ।

# नेपाल फाइनल नजिक

रासस
काठमाडौं, २ पुस

यू-१९ महिला साफ फुटबल च्याम्पियनसिपमा नेपाल भुटानलाई पराजित गर्दै फाइनल नजिक पुगेको छ। बङ्गलादेशको ढाकास्थित शहीद सिपाही मुस्तफा कमल रङ्गशालामा शुक्रबार भएको खेलमा भुटानलाई ४-० गोल अन्तरले पराजित गर्दै नेपाल फाइनल नजिक पुगेको हो ।

नेपालसँग पराजित भएसँगै भुटान लिग चरणबाटै बाहिरिएको छ । नेपालको जितमा मेनुका आले मगरले २ गोल गरिन् भने कुसुम खतिवडा र रजनी थोकरले समान १/१ गोल गरे । जितपछि अपराजित रहेको नेपालले चार खेलबाट सात अङ्क जोडेको छ । नेपाल अङ्क तालिकाको दोस्रो स्थानमा उक्लिएको छ । अब नेपालले लिगको अन्तिम खेल भारतसँग यही पुस ४ गते खेल्नेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : मानसिक तनाव |
| वृष | : व्यापारमा लाभ | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शारीरिक झमेला | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**जन ज्योति टोल विकास संस्था पोखरा-१२, माटेपानी (हिल प्वाइन्ट अगाडिको बाटो) सडक निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : जन ज्योति टोल विकास संस्था**
**स्थानः पोमनपा वडा नं.-१२, माटेपानी**
**योजना सम्झौता मिति : २०७८/०७/२८ गते**
**योजना सुरु मितिः २०७८/०७/२८ गते**
**योजना सम्पन्न मिति : २०७८/०९/०२**
**योजनाको कुल लागत : ६,२४,९१७.९२**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ५,००,०००/-**
**जन सहभागितावाट : रु. १,२५,०००/-**
**उपभोक्ता समितिः**
अध्यक्ष : झलक बहादुर गुरुङ उपाध्यक्ष : रबिन्द्र गुरुङ
सचिव : विनोद कार्की कोषाध्यक्ष : गंगादेवी बराल
पदाधिकारी : दिवाकर जैसी, रामकुमार ढकाल, मिनकाजी कार्की, सूर्य तिवारी, देवी गुरुङ
अनुगमन समितिः विष्णु सुनार, देशभक्त के.सी, सीता बास्तोला, भोजराज सुवेदी, गंगाराम पौड्याल

**जन ज्योति टोल विकास संस्था**
**पोमनपा वडा नं.- १२, माटेपानी**

